प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/०८

(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

❖ बागमती प्रदेशमा केहि साता यता संक्रमणको गति बढिरहेको छ यसलाई नियन्त्रण, रोकथाम र उपचारकोलागि बृहतार रुपमा क्रियाकलापहरु संचालन भई रहेका छन। हाल यस प्रदेशमा सबै स्थानीय तहहरुमा र जिल्लाका १३ वटै स्वास्थ्य कार्यालयहरुबाट संक्रमितको खोजी र फलो-अपको लागि टोलीहरुले कार्य गरिरहेको छ । प्रत्येक टोलीमा ३/३ जना तालिमप्राप्त स्वास्थ्यकर्मीहरु रहेका छन्। जसअनुसार काठमाण्डौमा ३२, काभ्रेपलान्चोकमा १९, धादिङमा १६, चितवनमा १५, सिन्धुपाल्चोकमा १४, ललितपुरमा १३, मकवानपुरमा १३, नुवाकोटमा १२, दोलखामा ११, सिन्धुलीमा ९, भक्तपुरमा ८, रामेछापमा ८, रसुवामा ५ र प्रदेश निर्देशनालयलमा ३ वटा गरि जम्मा १७८ वटा टोलीले निरन्तर कार्य गरिरहेका छन्। साथै यस प्रदेशका विभिन्न जिल्लामा हाल ४३५ वटा आइसीयु बेड र १९८ वटा भेन्टिलेटर तयारी अवस्थामा रहेको छ ।

❖ त्यस्तै प्रदेश अन्तर्गतको ८ वटै अस्पतालहरु अन्तर्गत आइसोलेसन केन्द्र र भक्तपुर अस्पतालमा भेन्टिलेटर सहितको आइसिउको ब्यबस्था गरिएको छ । साथै धादिंग, त्रिसुली, सिधुली र हेटौडा अस्पतालहरुमा पनि ५ देखि १० बेडको भेन्टिलेटर सहितको आइसिउको ब्यबस्था अन्तिम चरणमा पुगेको छ । त्यस्तै स्वाब परिक्सें को लागि त्रिसुली, सिधुली, हेटौडा र भक्तपुरमा थप पिसिआर मेसिनको स्थापना केहिदिनमा सम्पन्न हुदै छ ।यस बाट कोरोनाको नियन्त्रण, रोकथाम र उपचारमा थप सहजता हुने छ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

❖ यस प्रदेशमा आज काठमाण्डौमा ६०९, चितवनमा १३७, ललितपुरमा ९५, भक्तपुरमा ४७, मकवानपुरमा २१, काभ्रेपलान्चोकमा १३, नुवाकोटमा ८, सिन्धुलीमा ५, धादिङमा ४, दोलखामा ३ र रामेछापमा १ गरी जम्मा ९४३ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ।

❖ टेकु, काठमाण्डौ निवासी ८० वर्षिय पुरुषलाई निमोनिया भई असोज ६ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ७ गते निधन भएको छ । उहाँको असोज ५ गते कोभिड-१९ पुष्टि भएको थियो । जोरपाटी, काठमाण्डौका ७५ वर्षिय पुरुषलाई निमोनिया भएर भाद्र २७ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ७ गते निधन भएको छ । उच्च रक्तचाप र मधुमेहले ग्रसित उहाँको भाद्र २६ गते कोभिड-१९ पुष्टि भएको थियो । त्यस्तै सोल्टीमोड, काठमाण्डौकी ८२ वर्षिया महिला निमोनिया भएर भाद्र २४ गते पाटन अस्पतालमा भर्ना

गरी उपचार गर्ने क्रममा असोज ७ गते निधन भएको छ । मृगौलाको समस्याले ग्रसित उहाँको भाद्र २४ गते कोभिड-१९ पुष्टि भएको थियो ।सोह्रखुट्टे, काठमाण्डौका ७९ वर्षिय पुरुषलाई श्वास्प्रस्वासमा समस्या भई भाद्र २७ गते सशस्त्र प्रहरी बल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज गते निधन भएको छ । मुटुरोग र मृगौलाको समस्याले ग्रसित उहाँको भाद्र २७ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- सुर्यविनायक-७, भक्तपुरका ८४ वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज ७ गते नोबेल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज ६ गते गते कोभिड-१९ पुष्टि भएको थियो । भोलाछे, भक्तपुरका ७३ वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज ५ गते मेघा अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । मुटुरोगले ग्रसित उहाँको असोज ५ गते गते कोभिड-१९ पुष्टि भएको थियो । धादिङकी ३२ वर्षिया महिलालाई निमोनिया भएर असोज ६ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज ५ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पैतिस प्रतिशत (३४.८१%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ६९३०१ (१००%) | २४१२६ (१००%) |
| निको भएको | ५०४११ (७२.७%) | १३०७२ (५४.२%)* |
| उपचाररत | १८४३७ (२६.६%) | १०८८७ (४५.१%)* |
| मृत्यु भएको | ४५३ (०.६%) | १६७ (०.७%)* |

श्रोतः - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०८ ; - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०८

### जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ८६७५ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५६९ जना बस्दै आउनुभएको र १४२३ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३२५३ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७३५ जना (होम आइसोलेसन सहित) बस्दै

आउनुभएको छ । आजको मिती सम्मको विवरण अनुसार यस प्रदेशमा ८६०४१ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मासंकलित स्वाबसंख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ६०९ | १५७६५ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ९५ | १८३० |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | १०६ | ९२७९ | ४७ | १७४४ |
| रसुवा | २५५ | ० | ० | ३५ | ० | ९११ | ० | २० |
| नुवाकोट | ९५३ | ६० | ११ | ४० | १७ | ४४०९ | ८ | १५६ |
| धादिङ | ३१५ | १७ | २० | १३२ | ४५ | ३२७६ | ४ | ४१९ |
| चितवन | २४६५ | ७० | ४८५ | ३५५ | ९९३ | १५७७९ | १३७ | १८५६ |
| सिन्धुली | ३९२ | ४१ | ७३ | ४३ | ७ | २८२५ | ५ | ११९ |
| मकवानपुर | ४०७ | १८ | ४ | ३०० | १२५ | ९०८० | २१ | १३०१ |
| रामेछाप | ४९० | ६५ | ४९ | १०३ | १२ | १३२९ | १ | १४६ |
| दोलखा | १९३ | ७ | २० | ४४ | ६ | २११९ | ३ | १३० |
| काभ्रेपलान्चोक | ८९० | ६५ | १४६ | १७८ | ३९ | ४४५० | १३ | ४९२ |
| सिन्धुपाल्चोक | ७८९ | ७६ | १०३ | ५६ | ३ | ३७६१ | | १४८ |
| जम्मा | ८६७५ | ५६९ | १४२३ | ३२५३ | ३७३५ | ८६०४१ | ९४३ | २४१२६ |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


### ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २४१३२ | २३१ | २३३ | ४९ जना: मकवानपुर-१७, पर्सा-१, फलोअप-३१ | १८४ | |
| धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ५३१७ | ७२ | ५० | ६ जना: काभ्रेपलान्चोक-४, भक्तपुर-२ | ४४ | |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०७

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०७

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट व्यवस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन/नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई